# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल साउन महिना २३ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय गैंडाकोटबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

## तपशिल

### ऋणीको विवरण

नाम : **गणेश एयर कन्डिसन एण्ड रेफ्रिजेरेटर**
प्रोप्राइटर : गणेश ढकाल
प्रा.फ.र.नं. : ६९२/०७५/०७६
दर्ता मिति : २०७५/०८/१७
स्थायी लेखा नं. : ६०८८०७१५५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उधोग कार्यालय प्रदेश नं. ३, भरतपुर चितवन
ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

| | |
|---|---|
| १. नाम : **गणेश ढकाल**<br>बाबुको नाम : इन्द्र प्रसाद ढकाल<br>बाजेको नाम : मुक्ति प्रसाद ढकाल<br>स्थायी ठेगाना : चितवन जिल्ला माडी वडा नं. ०१<br>हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१<br>ना.प्र.नं : ३५२००८/१३३७<br>जारी मिति र जिल्ला : २०७४/०२/१९, चितवन | २. नाम : **इन्द्र प्रसाद ढकाल**<br>बाबुको नाम : मुक्ति प्रसाद ढकाल<br>बाजेको नाम : टेक नारायण ढकाल<br>स्थायी ठेगाना : चितवन जिल्ला गर्दी वडा नं. ०८<br>हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१<br>ना.प्र.नं : ३४३९<br>जारी मिति र जिल्ला : २०४५/०२/१९, चितवन |
| ३. नाम : **दुर्गा देबी ढकाल**<br>बाबुको नाम : चन्द्र कान्त अधिकारी<br>पतिको नाम : इन्द्र प्रसाद ढकाल<br>ससुराको नाम : मुक्ति प्रसाद ढकाल<br>स्थायी ठेगाना : चितवन जिल्ला गर्दी वडा नं. ०८<br>हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१<br>ना.प्र.नं : ४३०<br>जारी मिति र जिल्ला : २०४६/०२/२९, चितवन | ४. नाम : **उषा पाण्डे**<br>बाबुको नाम : सूर्य प्रसाद पाण्डे<br>पतिको नाम : गणेश ढकाल<br>ससुराको नाम : इन्द्र प्रसाद ढकाल<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला हुप्सेकोट वडा नं. ०३<br>हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१<br>ना.प्र.नं : ३६-११-७४/११८४<br>जारी मिति र जिल्ला : २०७४/०४/३०, नवलपरासी |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१. मिति २०८०/०१/३१ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२. मिति २०८०/०४/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३. मिति २०८०/०८/११ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल (व.मि.) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| इन्द्र प्रसाद ढकाल | चितवन जिल्ला गर्दी गा.वि.स. वडा नं. ८ | ८८६ | ३७२४.९३ | बाटो | कित्ता नं. ८८७ र ९११ | कित्ता नं. ७२० | बाटो |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८१/०४/२९ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय गैंडाकोट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०४/३० गते बुधबार अर्थात ८ औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय गैंडाकोटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**